<table>
<tr><td colspan="4">आ.व. २०७०|७१</td></tr>
<tr><th>क्र.स</th><th>बैठक मिति</th><th>निर्णयहरु</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>२०७१|०१|२५</td><td>निर्णय नं. १: यस जिल्लामा उपलब्ध श्रोत साधनबाट हुन सक्ने आन्तरिक आयको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्ने कार्यको म्याद थप गर्न सिफारिस भई आएको हुँदा म्याद समाप्त भएको मिति देखी २०७१।०१।१० सम्म उक्त कार्यको म्याद थप गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>२.</td><td>२०७१/०१/२६</td><td>निर्णय नं.१: आ.व. २०७१०।०७१ मा संचालन हुने विभिन्न शीर्षकहरुका योजनाहरु प्राविधिक कारणबाट संचालन हुन नसक्ने र ती योजनाहरुलाई परिवर्तन गरी संचालन गर्नुपर्ने भएकोले तपसिल बमोजिमका योजनाहरुलाई परिवर्तन गरी (आगामि परिषदबाट समर्थन हुने गरी ) कार्यान्वयन गर्ने निर्णय गरियो।
<table>
<tr><th>सि.न.</th><th>योजनाको नाम</th><th>परिवर्तन गर्नुपर्ने योजना</th><th>रकम</th><th>शीर्षक</th></tr>
<tr><td>१</td><td>कल्भर्ट निर्माण-कालिका ५-७ को बिचमा</td><td>ड्रेन निर्माण, माटो भरान र ग्राभेल गर्ने कार्य</td><td>३,००,०००।-</td><td>कृषी सडक</td></tr>
<tr><td>२.</td><td>बसन्तथला अधुरो कल्भर्ट निर्माण देजी</td><td>उक्त कल्भर्टको बाटोमा ग्राभेल</td><td>२,००,०००।-</td><td>कृषी सडक</td></tr>
<tr><td>३.</td><td>शौचालय रिंङ खरीद</td><td>ट्वाईलेट सीट तथा पाइप खरीद</td><td>३,००,०००।-</td><td>खा.पा.तथा स.स.</td></tr>
<tr><td>४.</td><td>हल्दुखाल भी.न.पा.७ र ८ जोड्ने बाटो स्तरोन्नती</td><td>हल्दुखाल ६ र ७ जोड्ने बाटो स्तरोन्नती</td><td>२,००,०००।-</td><td>बि. अनुदान</td></tr>
<tr><td>५.</td><td>कालिका इसाई समाज चर्चहरुको मर्मत तथा प्रवर्द्धन</td><td></td><td>२,५०,०००।-</td><td>मर्मत सम्भार कोष</td></tr>
</table>
निर्णय नं.२: यस कार्यालय अन्तरगत वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखामा एक थान ल्यापटप अति आवश्यक भएकोले जिल्ला उर्जा कोषबाट एकथान ल्यापटप खरिद गर्ने निर्णय गरियो।<br>
निर्णय नं. ३: स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, कार्यक्रम समन्वय एकाई धनगढी को च.न. २४२,मिति ०७१।०१।१७ को पत्रानुसार Strengthening public management programme अन्तरगत साना सामुदायिक पूर्वाधार विकासका लागि ५ वटा गा.वि.स.छनौट गर्ने भनी लेखी आएकोमा सोका लागि कालिका ,चादनी, देखतभूली, रैकवार विचवा र श्रीपुर गा.वि.स. लाई छान्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>३.</td><td>२०७१।०१।२८</td><td>निर्णय नं.१: कञ्चनपुर जिल्लाका संचालनमा रहेको राष्ट्रीय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम (Strengthening Rural Transport Program,SNRTP) अन्तर्गत सञ्चालन गर्न यस जिल्लाका Core Road तपसिलका सडकलाई प्राथमिकता निर्धारण गरी आवश्यक बजेट व्यवस्थापन गर्न स्थानीय पूर्वाधार विकास तथा कृषी सडक विभाग (DOLIDAR) मा अनुरोध गर्ने निर्णय गरियो।<br>
तपसिल:<br>
१) P1 तर्फ<br>
a) परासन- त्रिभुवनवस्ती-लक्ष्मीपुर (RAIDP तर्फको क्रमागत)<br>
b) स्पेन्सन ब्रीज-बाबाथान-कुतियाकबर (RAIDP तर्फको क्रमागत)</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | c) महेन्द्रनगर-सिसैया सडक (RAIDP तर्फको क्रमागत)<br>d) कलुवापुर-बेलौरी-बोडर (मदन आश्रित मार्ग)<br>e) मदन चोक-एयरपोर्ट- मल्टीस्पान सडक<br>f) बेलौरी- IBRD- Doke Bazar-Mohana सडक<br>g) बेल्डाडी-राजपुर-श्रीपुर हुलाकी सडक<br>h) दैजी-बेतकोट-जोगबुडा सडक<br>i) वाणी-देखतभूली-कण्ज शंकरपुर सडक<br>j) राजमार्ग-कनकट्टी-महलुया-आरक्ष सडक<br>२) P2 तर्फ<br>a) महेन्द्र राजमार्ग –सुडा- गौजी-बृद्धाश्रम सडक<br>b) भानुचोक-विष्णुमन्दिर-रौटेला सडक<br>c) वावाथान –चादनी बयलबन्द सडक<br>d) दैजी – बेल्डाडी सडक<br>e) कृष्णपुर(मालुवेला)- महेन्द्रराजमार्ग- रैकवार विचवा- बाइसेविचवा सडक<br>f) बनसमिति-पिपलाडी-जोनापुरी-रानीपुर-बन्साह सडक<br>g) कृष्णपुर-२ बंक –निगाली पहरीया –दोमिल्ला नायल सडक<br>h) झलारी-फुलेली-धारापानी खोला सडक<br>i) श्रीपुर भकुण्डा मन्दिर देखी कालिका ९ ढक्का- महेन्द्रवस्ती, ग्रीनवेल्ट (कालिका ६ देखी ४ ) हुदै IBRD देखी खानेपानी हुदै प्रतिभानगर सडक<br>j) वनदेवी-शुदर्शनपुर –मुक्त कमैया वस्ती मालुवेला सडक<br>k) बराल चोक-कालीका मन्दिर सडक त्रिभुवनवस्ती २,३ | |
| ४. | २०७१/०२/०७ | निर्णय नं.१: वण्ड खोलाको ढुंङ्गा, गिट्टी, बालिवा, ग्रेभल उठाउने ठेक्का नलगाउन कृष्णपुर गा.वि.स.का स्थानीय वासी एवं विशाल सामुदायिक वन उपभोक्ता समुहबाट अनुरोध भई आएको सम्बन्धमा छलफल हुँदा उक्त नदीबाट नदीजन्य बस्तु उठाउदा नदी कटान भई गाउलाई नै क्षती हुने नहुने के कस्तो अवस्था छ उपस्थित सबै राजनितिक दल, वन कार्यालय र जि.वि.स.को कार्यालयको प्राविधिक टोली सहीतले स्थलगत निरिक्षण गरी आएपछी मात्र सो विषयमा टुङ्गो लगाउन स्थलगत निरीक्षण गर्ने निर्णय गरियो। | |
| ५. | २०७१।०२।०९ | निर्णय नं.१:मोहना -मछेली-स्याली-सुनवरा र वण्ड नदीको ढुङ्गा,गिट्टी, बालुवा, ग्रेभल र माटोमा रोयल्टी उठाउने ठेक्का अन्तर्गत वण्ड नदी आसपासका स्थानीय वासी एवं विशाल सामुदायिक वन उपभोक्ता समुहबाट वण्ड खोलाको नदी जन्य वस्तु उठाउदा गाउलाई नै क्षती हुने हुँदा नउठाउन अनुरोध भई आएको सम्बन्धमा स्थलगत निरक्षण गर्दा IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रबाट मात्र नदीजन्य वस्तु उठाउने ठेक्का नलगाउन उपयुक्त नदेखिएकोले प्रतिवेदनले निर्धारण गरेको क्षेत्र बाहेक अन्यत्र नउठाउने र चुरेको ३ कि.मी. तलबाट मात्र उठाउने गरी ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो।<br>निर्णय नं.२: मोहना -मछेली-स्याली-सुनवरा र वण्ड नदीबाट ढुङ्गा,गिट्टी, बालुवा, ग्रेभल र माटोमा रोयल्टी उठाउने ठेक्कामा पर्न आएका बोलपत्रहरुले कबोल गरेको अंक एवं बोलपत्र हरुको संख्या न्यून देखिएको तथा चालू आ.व. २०७०।०७१ मा उक्त ठेक्का सम्झौता भएको अंकमा समेत आगामी | |

| | | | |
|---|---|---|---|
| | | आ.व. २०७१।०७२ को कबोल अंक न्यून देखीएको तर आगामी आ.व. मा उक्त खोलाहरुबाट नदीजन्य वस्तु बढी मात्रामा उठ्ने सम्भावना भएको हुँदा मिति २०७१।०२।०२ गतेको दिन उक्त ठेक्का अन्तर्गत पर्न आएका सबै बोलपत्रहरु रद्ध गरी पुन: सूचना प्रकासन गर्दा व्यापक प्रतिस्पर्धा हुने सम्भावना देखिएको तथा स्थानीय निकायको राजश्वमा समेत बृद्धी हुने हुँदा पून: सूचना प्रकाशन गर्ने निर्णय गरियो ।<br>निर्णय नं.२: कृष्णपुर गा.वि.स. अन्तर्गत वण्ड निंगाली गाउमा वण्ड खोलाबाट वर्षामा कटान भई खेती योग्य जमिन क्षति हुने सम्भावना बढी रहेकोले भोजराज पन्तको घर देखी उत्तर माथी खोल्सा सम्म तटबन्ध निर्माण गर्न जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | |